नेपाल सरकार
भूमि व्यवस्था, सहकारी,सङ्घीय मामिला तथा सामान्य प्रशसन मन्त्रालय
सहकारी रजिष्ट्रारको कार्यालय
नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४५६५२५२
Website: www.ocor.gov.np
mail: info@deoc.gov.np

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः– सहकारी रजिष्ट्रारको कार्यालय, नयाँ बानेश्वर, काठमाडौं।

सूचना सार्वजनिक गरेको अवधिः– २०८३/०४/ ०१देखि २०८३/०६/३१ (मसान्त) सम्मको

निकायको स्वरुप र प्रकृतिः–

सहकारिता स्वावलम्बनको पारस्परिक अभ्यास हो। सहकारी व्यवसायमा मानवीय मूल्यहरु प्रधान हुन्छन भने नियन्त्रणको लोकतान्त्रिक विधि हुन्छ । सहकारी पद्धतिले मानिसहरूलाई एकजुट हुन र समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता र आकाङ्क्षाहरू पूरा गर्नमा सघाउ पुऱ्याउँछ । रोजगारी सिर्जना, आर्थिक समृद्ध, नेतृत्व विकास र सशक्तिकरणमा सहकारीले महत्वपूर्ण योगदान गरेको हुन्छ। आर्थिक तथा सामाजिक पक्ष दुवैलाई समेटिने हुनाले सहकारी प्रक्रियामा विपन्न वर्गको बहुआयमिक क्षेत्रमा सकरात्मक विकास भइरहेको हुन्छर यसका विश्वव्यापी सिद्धान्त, मूल्य र दर्शनमा आधारित रहेर सहकारी क्षेत्रलाई अघि बढाउन सकिए दिगो विकासका लक्ष्यहरु हासिल गर्नमा उल्लेखनीय सघाउ पुग्ने देखिन्छ ।

नेपालमा सहकारिताको थालनी वि.सं. २०१३ मा भएको हो। सहकारिताको माध्यमबाट आर्थिक तथा सामाजिक विकासको गतिमा तीव्रता ल्याउन नेपालमा सहकारीलाई नीतिगत प्राथमिकता दिइएको पाइन्छ । नेपालको संविधानमा राज्यका निर्देशक सिद्धान्तमा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने" भनिएको छ। (धारा ५० त्यस्तै राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा "सहकारी क्षेत्र समेतको सहभागिता तथा स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सदृढ गर्ने" (धारा ५१ (घ.१)। एवं "सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने" (धारा ५१ घ.२) विषयमा जोड दिइएको छ । सहकारी सम्बन्धी कानुन तथा कार्यविधिहरूमा पनि समय सापेक्ष परिमार्जन भइरहेको छ । हाल प्रचलनमा रहेका सहकारी ऐन, २०७४(संशोधन सहित), सहकारी नियमावली, २०७५ बाट नेपालमा सहकारिताको विकासका लागि थप आधारहरू तय भएका छन् ।

हाल सहकारी संघसंस्थाहरूको सञ्जाल देशव्यापी रूपमा विस्तार भएको छ । नेपालको संविधान (२०७२) अनुसार सहकारी विषय संघ, प्रदेश र स्थानीय तहमा रहने व्यस्था गरे अनुसार तहगत सरकारवाट सहकारी नियमन हुने व्यवस्था रहेको छ । हाल साविकमा रहेको सहकारीको विभाग र सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र एकीकृत भई सहकारी रजिष्ट्रारको कार्यालय भएको छ। त्यसै गरी बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको नियमनका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरण

स्थापना भई कार्य गरिरहेको छ। प्रदेश स्तरमा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय र स्थानीय तहमा सहकारी शाखाले आफ्नो कार्यक्षेत्रभित्र रहेर कार्य सम्पादन गर्दै आएका छन्।

आर्थिक वर्ष २०८२/८३ फागुनसम्ममा देशभर सहकारी संस्थाहरुको संख्या ३२ हजार ३ सय २५ रहेको छ । कुल सहकारी संस्थाहरुमध्ये संघीय सरकार अन्तर्गत १ सय ४७, प्रदेश सरकार अन्तर्गत ६ हजार ९ सय ८१ र स्थानीय तह अन्तर्गत २५ हजार १ सय ९७ रहेका छन्। सहकारी संस्थाको संख्या, सदस्य संख्या, शेयर पूँजी, बचत परिचालन, लगानी, प्रत्यक्ष रोजगारीको स्थिति तल तालिका नं. १ मा प्रस्तुत गरिएको छ

सहकारी संस्थाको संख्या, आवद्ध सदस्य संख्या, शेयर पूँजी, निक्षेप संकलन, लगानी र रोजगारीको स्थिति (रकम रु. करोडमा)

विगत १० वर्षको सम्बन्धित क्षेत्रको तथ्याङ्क तालिका तालिका नं. १

आ.व.	संस्था संख्या	सदस्य संख्या	शेयर पूँजी (करोडमा)	निक्षेप संकलन (करोडमा)	ऋण लगानी (करोडमा)	प्रत्यक्ष रोजगारी संख्या
२०७३/७४	३४५१२	६३०५५८१	७३१७	३०२१६	२७३७१	६०५१७
२०७४/७५	३४५१२	३४५१३३०	७६०९	३११२२	२७३७१	६११२२
२०७५/७६	३४७३७	६५१२३४०	७६३४	३४५५८	३३२७१	६३५००
२०७६/७७	३४८३७	६५१५४६०	७७२४	३५०५८	३४१७१	६८४००
२०७७/७८	२९८८६	७३०७४६२	९४१०	४७७९६	४२६२६	८८३०९
२०७८/७९	३०८७९	७३३७२५२	९४१२	४७७९९	४२६३१	९१३०१
२०७९/८०	३१३७३	७३८१२१८	९४१५	४७८०३	४२६३५	९३७७१
२०८०/८१	३१४५०	७३८३५२८	९४७२	४७८११	४०५०३	९४००२
२०८१/८२	३२९६५	१०९०५१९२	१४३२९	११२५२८	९२३७४	९०२६५
*०८२/०८३	३२३२५	१०१६०९६३	१४३३९	१०२९५७	९०५४८	८२२१६

* वि.सं.२०८२ साल फागुन मसान्तसम्मको विवरण


सहकारी संस्थाहरूको कुल शेयर पूँजी रु. १ खर्ब ४३ अर्ब ३९ करोड, संकलित बचत निक्षेप क रु. १० खर्ब २९ अर्ब ५७ करोड र ऋण लगानी रु. ९ खर्ब ०५ अर्ब रहेको छ। सहकारी क्षेत्रले मुलुकको कुल गार्हस्थ उत्पादनमा उल्लेख्य योगदान पुर्याएको अनुमान छ। सहकारी संघ संस्थाहरूमा करिव ८२ हजार भन्दा बढी नागरिकले प्रत्यक्ष रोजगारी र अप्रत्यक्ष रूपमा झण्डै दशलाखले रोजगारी पाएको अनुमान छ। महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम लगायत पिछडिएको वर्ग र क्षेत्र समुदायमा समेत सहकारी रहेकोले जनसहभागितामा उल्लेखनीय वृद्धि भएको छ । राज्य र निजी स्तरको पहुँच नपुगेका क्षेत्र तथा समुदायमा समेत सहकारिताको माध्यमबाट उद्यमशीलताको विकास हुन थालेको छ।

१.१ **सहकारी रजिष्ट्रारको कार्यालयको सांगठनिक परिचय**साविकमा सहकारी क्षेत्रको दर्ता, नियमन र प्रवर्द्धनका लागि छुट्टै सहकारी विभाग सञ्चालनमा थियो भने सहकारी क्षेत्रमा आबद्ध जनशक्तिलाई क्षमता विकास, तालिम र अनुसन्धान गर्ने जिम्मेवारी सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र (नयाँ बानेश्वर, काठमाडौं) को थियो। सरकारको प्रशासनिक सुधार तथा कार्यगत दोहोरोपन हटाएर प्रभावकारिता बढाउने नीति अनुरूप यी दुई निकायहरू आपसमा एकीकृत भई सहकारी रजिष्ट्रारको कार्यालय को रूपमा रूपान्तरण भएका हुन्। यस एकीकरण पश्चात् तालिम, अनुसन्धान र नियमन तथा प्रवर्द्धनात्मक कार्यहरूलाई एउटै छातामुनि ल्याई सहकारी क्षेत्रमा थप व्यावसायिकता र सुशासन कायम गर्ने उद्देश्य राखिएको छ। यस कार्यालयको संगठन संरचना निम्न अनुसार रहेको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सहकारी रजिष्टारको कार्यालयको संगठन संरचना

अनुसूची १.३



मूल्यहरु

सहकारी रजिष्ट्रारको कार्यालयले देहायका मूल्यहरुको जगेर्ना गर्नेछ: इमान्दारी लगनशीलता आपसी भरोसा पेसापरायणता।

दृष्टि

सहकारीपनका लागि नियमन अर्थात्- सहकारी मूल्य, सिद्धान्त र मान्यताहरु प्रचलित हुनुपर्दछ; सहकारी प्रक्रियाहरु विपन्नतम सदस्यको सशक्तिकरणमा सहयोगी बन्नुपर्दछ र सदस्यहरुको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रणबाट सहकारी सङ्घसंस्थाहरुमा सुशासन कायम राख्नुपर्दछ।

लक्ष्य

जनजीवनमा सहकारिता अर्थात्- समुदायस्तरमा सहकारी संस्थाहरु स्थापित हुनेछन्; आम कृषक, कालिगड, श्रमिक, उपभोक्ता एवं विपन्नजन सहकारी गतिविधिमा जुटेका भेटिनेछन् र सहकारी गतिविधिका प्रभावले सदस्यहरुको जीवनयापनको स्तर गरिवी-रेखा नाघेर माथि-माथि पुग्नेछ।

२. सहकारी रजिष्ट्रारको कार्यालयको मुख्य काम, कर्तव्य र अधिकार:–

- सहकारीताको विकासका लागि राष्ट्रिय नीति तर्जुमा तथा कार्यान्वयन पुनरावलोकनमा मन्त्रालयलाई सहयोग पुऱ्याउने,
- सहकारी संघसंस्था तथा बैङ्कहरुको अनुगमनका लागि नेपाल राष्ट्र बैंकसँगसमेत समन्वय गरी मापदण्ड, कार्यविधि, निर्देशिकाहरुको विकास गरी मन्त्रालयबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,
- सहकारी संघसंस्थाहरुको नियामक निकायको हैसियतमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
- सहकारी ऐन, नियमावली तथा मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम अन्तरप्रादेशिक सहकारी संघसंस्था तथा बैंकहरुको निरन्तर अनुगमन गरी आवश्यक सुधारका लागि निर्देशन दिने,
- अन्तरप्रादेशिक रुपमा ठूला आयोजना संचालन गर्न स्थापना हुने विशिष्टीकृत सहकारी संघहरुको दर्ता अनुमति तथा नियमन कार्य गर्ने,
- स्थानीय तह तथा प्रदेश सरकारसँगको समन्वयमा एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट सहकारी सम्बन्धी राष्ट्रिय तथ्यांक व्यवस्थापन गर्ने,
- राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय सहकारी संघहरुसँगको समन्वयमा सहकारी क्षेत्रमा सुशासन कायम गर्न आवश्यक कार्य गर्ने,

- स्थानीय तह तथा प्रदेशस्तरका सहकारी निकायहरुको नियमन तथा प्रवर्धन क्षमता अभिबृद्धि गर्न आवश्यक विषयगत दिग्दर्शन, नमूना निर्देशिका, कार्यविधि तर्जूमाका साथै जनशक्ति विकासका लागि कार्य गर्ने,
- सहकारी विकासका क्षेत्रमा स्थानीय तह एवं प्रदेशस्तरमा भएका सहकारीका असल अभ्यासहरुको अभिलेखिकरण गरी अन्तर स्थानीय तह तथा प्रादेशिक रुपमा अनुभव आदानप्रदान गरी सहकारीताको गुणात्मक विकासमा सहयोग पुर्याउने,
- सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,
- सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,
- सहकारी क्षेत्रमा बचत परिचालन, लगानीका क्षेत्र,तरलता, असुली दर लगायतको वित्तीय विश्लेषणको प्रणाली स्थापना गरी वित्तीय सुशासन कायम गराउन तथा प्राथमिकताका क्षेत्रमा स्रोत प्रवाहलाई प्रोत्साहित गर्न सन्दर्भ व्याजदर निर्धारण गर्नुका साथै अन्य वित्तीय मानकहरु तोकि निर्देशन गर्ने,
- स्थानीय तह तथा प्रदेश सरकारबाट माग भई आएको अवस्थामा सहकारी प्रवर्द्धन तथा नियमनका लागि आवश्यक सहयोग उपलब्ध गराउने,
- सहकारी प्रशिक्षणको स्तरोन्नतिका लागि आवश्यक अनुसन्धान तथा व्यवस्थापन परामर्शका कार्यहरु गर्ने,
- सहकारिता प्रवर्द्धन तथा विकासको लागि उपयुक्त तालिम नीति तथा कार्यक्रमहरुको तर्जुमा गर्ने,
- सहकारी प्रशिक्षण कार्यक्रमहरुलाई मागमा आधारित एवं उपलब्धिमूलक तुल्याउन पाठ्यक्रम तथा प्रशिक्षण विधिहरुको परिमार्जन गर्ने गराउने,
- स्थानीय तह तथा प्रदेश सरकारबाट हुने सहकारी नियमनका साथै सहकारी संघसंस्था तथा बैंकहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमको तर्जुमा एवं कार्यान्वयनमा समन्वय गर्ने।

३. सहकारी रजिष्ट्रारको कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः–

सहकारी रजिष्ट्रारको कार्यालयको स्वीकृत सांगठनिक संरचना अनुसार राजपत्रांकित प्रथम श्रेणी सहसचिव (प्रशासन) को नेतृत्वमा देहाय अनुसारको कर्मचारीको दरवन्दी स्वीकृत भएको छ।

१. सहकारी रजिष्ट्रारको कार्यालय

क्र.स.	दरवन्दीको किसिम (स्थायी/अस्थायी)	पदपूर्ति हुने तरिका	पद नाम	श्रेणी तह	सेवा/समुह	स्वीकृत दरवन्दी	पदपुर्तिको संख्या	रित्त संख्या	कैफियत
१	स्थायी	स्थायी	रजिष्ट्रार	रा.प. प्रथम	सा.प्रशासन	१	१	०	
२.	स्थायी	स्थायी	उप रजिष्ट्रार	रा.प. द्वितीय	सा.प्रशासन	२	२	०	
३.	स्थायी	स्थायी	प्राचार्य	रा.प. द्वितीय	सा.प्रशासन	१	०	१	
४.	स्थायी	स्थायी	वरिष्ठ वित्त विश्लेषक	रा.प. द्वितीय	विविध	१	०	१	
५.	स्थायी	स्थायी	शाखा अधिकृत	रा.प. तृतीय	सा.प्रशासन	७	६	१	
६.	स्थायी	स्थायी	सहकारी प्रशिक्षक	रा.प..तृतीय	सा.प्रशासन	३	३	०	
६.	स्थायी	स्थायी	कानून अधिकृत	रा.प. तृतीय	कानून	१	१	०	
७.	स्थायी	स्थायी	लेखा अधिकृत	रा.प. तृतीय	लेखा	१	१	०	
८.	स्थायी	स्थायी	कम्प्यूटर ईन्जिनियर	रा.प. तृतीय	विविध	१	१	०	
९.	स्थायी	स्थायी	वित्त विश्लेषक	रा.प. तृतीय	विविध	१	०	१	
१०.	स्थायी	स्थायी	नायव सुब्वा	रा.प.अनं प्रथम	सा.प्रशासन	५	६	०	
११	स्थायी	स्थायी	लेखापाल	रा.प.अनं प्रथम	लेखा	१	१	०	
१२.	स्थायी	स्थायी	कम्प्यूटर अपरेटर	रा.प.अन प्रथम	विविध	२	२	०	
१४.	स्थायी	स्थायी	खरिदार	रा.प.अनं द्वितीय	सा.प्रशासन	२	२	०	
१५.	स्थायी/करार	स्थायी/करार	हलुका सवारी चालक	श्रेणी विहिन	मेकानिकल	३	३	०	
१६.	स्थायी/करार	स्थायी/करार	कार्यालय सहयोगी	श्रेणी विहिन	प्रशासन	५	५	०	

४. ऐन, नियम, कार्यविधि, निर्देशिकाको सूची –

(क) सहकारी ऐन, २०७४ (संशोधन सहित)

(ख) सहकारी नियमावली, २०७५

(ग) राष्ट्रिय सहकारी नीति, २०६९

(घ) सम्पत्ति शुद्धीकरण सम्बन्धमा सहकारी संघसंस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४

(ङ) सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानुनको पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५

(च) सहकारी संघसंस्था दर्ता दिग्दर्शन, २०७४

(छ) सहकारी संघ संस्थाको लेखापरिक्षण निर्देशिका, २०७५

(ज) सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ र नियमावली, २०६५

(झ) सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५

(ञ) सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७६

(ट) बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरिक्षण तथा अनुगमन निर्देशिका, २०७७

(ठ) सहकारी संस्थाको एकीकरण तथा विभाजन सम्बन्धी निर्देशिका, २०७७

(ड) सहकारी सम्बन्धी शैक्षिक क्रियाकलापको प्रमाणीकरण समितिको कार्यविधि, २०७९

(ढ) सहकारी रजिष्ट्रारको कार्यालयको तालिम सञ्चालन कार्यविधि, २०८३

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी –

१. प्रशासन तथा सहकारी प्रवर्धन शाखा

- उपरजिष्ट्रार सुचित्रा राई

२.मानदण्ड तथा अनुगमन शाखा

- उपरजिष्ट्रार राम बहादुर शाही

३. तथ्याङ्क तथा वित्तीय विश्लेषण शाखा

- रिक्त

४. आर्थिक प्रशासन तथा श्रोत परिचालन शाखा

- लेखा अधिकृत टिकाराम रिजाल

५. सहकारी प्रशिक्षण शाखा

- रिक्त

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

- कानुनद्वारा तोकिएकोमा बाहेक दस्तुर नलाग्ने,

६. निर्णय गर्ने प्रकृया र अधिकारी :

- कार्यालय प्रमुख (रजिष्ट्रार)।

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

- भूमि व्यवस्था सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

८. प्रमुख र सूचना अधिकारीको नाम र पद :

- **प्रमुख :** रजिष्ट्रार श्री बाबुराम गौतम
- **सूचना अधिकारी :** उपरजिष्ट्रार श्री सुचित्रा राई

९. सम्पादन गरेको कामको विवरण:–

मिति **२०८३/०४/०१ देखि २०८३/०६/३१**(मसान्त) सम्म भएका प्रमुख कार्यहरुः

- परिवर्तित कार्यालयको संरचना बमोजिम विवरण अद्यावधिक गरी वार्षिक बजेट, नीति, कार्यक्रम जिन्सी लगायतका विवरण एकिकृत गरिएको।
- २०८३ असोज मसान्त सम्म २५,३५७ सहकारी संस्थाहरुको स्थायी लेखा नं सहितको विवरण कोपोमिस प्रणालीमा प्रविष्ट भएको।
- कोपोमिस सम्बन्धी करिब ४०० गुनासो सम्बोधन।
- २०८३ कार्तिक मसान्तसम्म विभिन्न निकायहरु (CIAA, सतर्कता, प्रहरी आदी) बाट २९५ गुनासोहरु प्राप्त भएकोमा २८३ वटा गुनासोहरु फछ्यौंट भएको।
- २०८३ असोज मसानत सम्म सम्पत्ति शुद्धीकरण निवारण कानूनको पालना सम्बन्धमा १२ वटा सहकारी संस्थाहरुको अनुगमन सम्पन्न भएको र गत आ.व.मा सम्पत्ति शुद्धीकरण निवारण कानूनको पालना सम्बन्धमा अनुगमन भई प्रतिवेदन प्राप्त सहकारी संस्थाहरु मध्ये १० वटा सहकारी संस्थाहरुलाई स्पष्टिकरण सोधिएको र ३ वटा सहकारी संस्थाहरुलाई निर्देशन दिइएको ।
- गत आ.व. मा सघन अनुगमन भई प्रतिवेदन प्राप्त १६ वटा सहकारी संस्थाहरुलाई निर्देशन दिइएको ।
- सहकारी रजिष्ट्रारको कार्यालयको तालिम सञ्चालन कार्यविधि, २०८३ तर्जुमा, पेश र स्वीकृति ।
- सहकारी ऐन, २०७४(संशोधन सहित) को दफा ५१ को उपदफा(१) बमोजिमको समितिको सिफारिसमा सहकारी संस्थाको प्रयोजनको लागि बचत तथा ऋणको सन्दर्भ व्याजदर पुनरावलोकन गरी निर्देशन जारी गरिएको।
- सहकारी ऐन, २०७४(संशोधन सहित) को दफा ५० को उपदफा (९) को व्यवस्था कार्यान्वयनका लागि बचत तथा ऋण कारोवार गरिरहेका जिल्ला/ प्रदेश र केन्द्रस्तरका सहकारी संघहरुलाई निर्देशन जारी गरिएको।
- साविकको सहकारी विभाग र हालको सहकारी रजिष्ट्रारको कार्यालयको नियमन क्षेत्राधिकारभित्र रहेका , लामो समयदेखि (साविकको विभाग हालको सहकारी रजिष्ट्रारको कार्यालयमा) पेश गर्नुपर्ने विवरणहरु पेश नगरेका साथै कोपोमिस प्रणालीमा पनि कुनै विवरण प्रविष्ट नगर्ने १२ वटा सहकारी संस्थाहरुलाई निष्कृय गरिने सम्बन्धी अन्तिम पटक सफाई पेश गर्न सूचना आह्वान ।

- सहकारी रजिष्ट्रारको कार्यालयको स्वीकृत तालिम सञ्चालन कार्यविधि, २०८३ बमोजिम विज्ञ प्रशिक्षकको विवरण सूचि अद्यावधिक गर्न अनुभव र योग्यताको विवरण पेश गर्न सूचना आह्वान।
- सहकारी रजिष्ट्रारको कार्यालयको स्वीकृत तालिम सञ्चालन कार्यविधि, २०८३ को प्रावधान बमोजिम साझेदारीमा आधारित तालिम सञ्चालन गर्न इच्छुक सहकारी संस्था तथा सहकारी निकायलाई आशयपत्र मागको सूचना प्रकाशन।
- २०८३ असोज मसान्त सम्म सहकारी मुख्य प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम (MTOT) र ICAN, लेखापरीक्षणमान बोर्ड लगायतसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न।

वार्षिक बजेटको तुलनामा २०८३ असोज महिनासम्मको खर्च

आ. व. २०८३/८४ का लागि विनियोजित बजेट						(२०८३ श्रावण -२०८३ असोज मसान्त सम्म) खर्च					
क्र.स.	कार्यालय कोड	बजेट उपशीर्षक नं	बजेट (रु. लाखमा)			बजेट (रु. लाखमा)			खर्च प्रतिशत (%)		
			चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा
१	३६५०५३५०१	३६५०५०१२	९०२.७३	६२.५६	९६५.२९	१३६.८	-	१३६.८	१५.१५	-	१५.१५
कुल जम्मा			९०२.७३	६२.५६	९६५.२९	१३६.८	-	१३६.८	१५.१५	-	१४.१७

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:–

प्रमुखको नाम: श्री बाबुराम गौतम

पद: रजिष्ट्रार

सम्पर्क नं. ९७७-१-४५६५३६२, ४५६११७७,

मोबाइल नं ९८५१३१२१४३

सूचना अधिकारीको नाम:श्री सुचित्रा राई

पद: उप-रजिष्ट्रार

सम्पर्क नं. ९७७-१-४५६५५१७, ४५६११७७

मोबाइल नं. ९८५१४०७७७०

इमेल: info@deoc.gov.np

सहकारी रजिष्ट्रारको कार्यालयको सम्पर्क नम्बर, वेभसाईट र इमेल ठेगाना

इमेल: info@deoc.gov.np

वेभसाईट: www.ocor.gov.np

सम्पर्क नम्बर : +९७७-०१-४५६५५१७,
+९७७-०१-४५६११७७,
+९७७-०१-४५६५२५१
+९७७-०१-४५६५२५२